अनुसूचि-२०

सिन्धुपाल्चोक जिल्ला अदालत

लिलाम वढावढको सूचना

विगो नं.४१

वादी गणेश बहादुरको बुहारी प्रकाश गुरूङको श्रीमती सिन्धुपाल्चोक जिल्ला साविक मेलम्ची गा.वी.स. वडा नं ९ को हाल मेलम्ची न.पा.११ बस्ने लक्ष्मी गुरूङ र प्रतिवादी अगनधरको नाती हेम प्रसादको छोरा सिन्धुपाल्चोक जिल्ला साविक शिखरपुर गा.वि.स. वडा नं ५ हाल मेलम्ची न.पा.१० बस्ने भिम प्रसाद दाहाल भएको लेनदेनको रकम दिलाई पाउँ मुद्दामा यस जिल्ला अदालतको मिति २०७६/०४/२८ को फैसलाले वादीले भरी पाउने ठहरेको विगो रु.८,००,०००/-(आठ लाख रूपैया), सोको भरिभराई मिति सम्मको कानून बमोजिमको व्याज, अदालती शुल्क रू १८,०६८/-(अठार हजार अठसठ्ठी) समेतको रकम दिलाई भराई पाउ भनी वादीले दरखास्त दिई कारवाही चलिरहेकोमा प्रतिवादी भीम प्रसाद दाहालको नाममा दर्ता श्रेस्ता कायम भएको सिन्धुपाल्चोक जिल्ला शिखरापुर गा.वि.स.वडा नं. ४ को कि.नं.२२३ समेतको जग्गाबाट वादीको सावा, व्याज तथा कोर्ट फि समेतका रकम भराई दिने प्रयोजनार्थ प्रतिवादीको उक्त सम्पति मिति २०७६/११/२९ गते दोस्रो पटक यस अदालतमा डाक लिलाम हुने भएकाले डाक वढावढ गरी डाक लिलाम सकार गर्न चाहने सर्वसाधरण सवैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१.डाक लिलाम मिति २०७६/११/२९ गते हुने भएकोले यस अदालतको तहसिल शाखामा दिनको १०.००बजे देखि कार्यालय समय सम्म डाक लिलाममा वोलकवोल गर्न सकिनेछ ।

२. डाक लिलाम तोकिएको दिन सार्वजनिक विदापरे सो को भोलिपल्ट डाक लिलाम हुनेछ ।

३. मुलुकी देवानी कार्यविधी नियमावली २०७५ को नियम ५७ (घ) र (ज) बमोजिम कायम भएको न्युनतम पंचकृते मूल्यबाट डाक बढाबढ गर्नुपर्नेछ ।

४.कायम भएको न्युनतम पञ्चकृति मुल्याङकन बाट डाक वढावढ गर्नु पर्नेछ।

५.डाक लिलामको बखत वोलकवोल गरेको अङ्कको १० प्रतिशतले हुन आउने रकम सोहि दिन दाखिला गर्नु पर्ने छ।बाँकी बोलकवोल रकम डाक लिलाम भएको मितिले ७ दिन भित्र दाखिला गर्नु पर्ने छ ।७ दिन भित्र वाँकी रकम दाखिला नगरे डाक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुनः डाक लिलामको सूचना प्रकाशन गरिनेछ ।

६.डाक लिलाम वढावढ हुँदा सवैभन्दा वढी अंङ्क वोलकवोल गर्नेलाई डाक सकार गराईनेछ।

७.डाक लिलाम सम्वन्धमा बुझ्नु पर्ने भए यस अदालतको तहशिल शाखामा सम्पर्का राख्नु होला ।

डाक लिलाम हुने जेथाको विवरण यस प्रकार छ

| सि.नं. | जग्गाधनिको नाम | जिल्ला | न.पा./गा.वि.स | वडा नं. | कि.नं. | कैफियत (प्रति रोपनी) |
|---|---|---|---|---|---|---|
| १ | भीम प्रसाद दाहाल | सिन्धुपाल्चोक | शिखरापुर | ४ | २२३ | रू १,२०,०००/-(एक लाख बीस हजार) |